***रेडियो नेपालको ७३औँ वार्षिकोत्सवको अवसरमा***
***२०७९ चैत १५ गते आयोजित आन्तरिक कविता प्रतियोगितामा***

## <u>प्रथम पुरस्कार प्राप्त कविता</u>

***शीर्षकः दुई किनारा***

***ताराप्रसाद वस्ती***



पल्लो किनारबाट तिमी आँखा तरेजस्तो गर्छौ
वल्लो किनारबाट म नदेखेजस्तो गर्छु
तर पनि तिमी मलाई नै खोज्छौ
म पनि तिमीलाई नै खोज्छु
जब देख्छु, हेर्छु तिमीलाई
तिमी पनि मलाई नै हेर्दै हुन्छौ
बढ्दैछ हाम्रो यात्रा अघि अघि
तिमी एकातिरको किनारबाट
म अर्को किनारबाट
लाग्छ,
तिम्रो र मेरो भेट
कहीँ न कहीँ हुन्छ होला
जसरी एउटा नदी मिसिन्छ अर्को नदीसँग
तर यात्रा अनन्त अघि बढिरहेछ, अनन्त
र सम्भवाना पनि तिम्रो र मेरो भेटको
अनन्त पर सरिरहेछ ।

थाहा छैन म किन यति विघ्न
आसक्त छु मनैदेखि तिमीमा

या तिमीमा पनि छ त्यत्तिकै आसक्ति मप्रति
हरपल तिम्रो सुस्वास्थ्यको कामना गर्न पुग्छु
हरक्षण तिम्रो उन्नतिको शुभ चिताउँन थाल्छु
दुख्छु तिम्रो हरेक चोटमा
र आघात हुन्छु तिम्रो हरेक पीडामा
लाग्छ तिम्रा प्रत्येक चोट
म आफैँ लिएर तिमीलाई हलुको बनाऊँ ।

तर दुई किनार भएर
असम्भव रहेछ व्यक्त हुन खुसीहरूमा
असम्भव रहेछ सामेल हुन हँसाइहरूमा
असम्भव रहेछ टेको दिन बगाइहरूमा
र असम्भव रहेछ टेवा दिन अग्लाइहरूमा
त्यसैले प्रिय अब हामी
दुई किनारा भएर होइन
नदी भएर सँगसँगै बग्नुपर्छ
सडक भएर हर यात्रीको साक्षी बन्नुपर्छ
एउटाको आँसु अर्कोले पुछनुपर्छ
एउटाको उन्नतिमा अर्को खुसी हुन सिक्नुपर्छ
एउटाको वेदनालाई अर्कोले महसुस गर्न जान्नुपर्छ
र बनाउन जान्नुपर्छ रोमाञ्चक
अमूल्य जीवनको यो यात्रालाई ।

तर हाम्रो यात्रा

नदीको बहाव जस्तै हुँदैछ एकोहोरो
जसरी नदी बगिरहेछ, निरन्तर बगिरहेछ
साक्षी बसेका छन् दुई किनारा-बग्दो नदीको
तिम्रो र मेरो यात्राको साक्षी
भत्किएको, चोइटिएको
छिया छिया भएको
यही स्थिर सडक
जो मुकदर्शक बनेर
तमासा हेरिरहेछ तिम्रो र मेरो
प्रेम र घृणाको
जो तिमी र म
एक अर्कालाई गर्दैछौँ।

तिमीलाई थाहा हुनुपर्ने हो सायद
दुई किनारा हुनु भनेको
नभेट्टाउनु हो एकअर्कालाई
स्पर्श नहुनु हो एकअर्काको
अनभिज्ञ हुनु हो एकअर्काको भावको
र कदर नगर्नु हो एकअर्काको।

त्यसो त दुई किनारा हुनु भनेको
हेर्नु पनि हुन सक्छ प्रेमले
आँखा तर्नु पनि हुन सक्छ घृणाले
ईर्ष्या गर्नु पनि हुन सक्छ प्रगतिको

कामना गर्नु पनि हुन सक्छ सफलताको
र सन्तोसराप गर्नु पनि हुन सक्छ पतनको
तर तिमी जेसुकै सोच या जेसुकै भन
वारि किनाराबाट पारि किनारामा तिमीलाई नियाल्दै
जिन्दगीको यो यात्रा तिमीसँगै
अनवरत चलिरहनेछ, चलिरहनेछ ।

□

***© ताराप्रसाद वस्ती, रेडियो नेपाल, केन्द्रीय कार्यालय, काठमाडौँ ।***